काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २५१ ❐ मंगलवार, ९ असार, २०८३ ❐ Tuesday, 23 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

कर्णालीका यातायात कार्यालयबाट ११ महिनामै ३१ करोडभन्दा बढी राजस्व संकलन

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ असार

कर्णाली प्रदेशका तीनवटा यातायात कार्यालयहरूले चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो ११ महिनामा ३१ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन गरेका छन् । प्रदेश सरकारअन्तर्गत सञ्चालनमा रहेका सुर्खेत, जुम्ला र रुकुम पश्चिमको चौरजहारीस्थित यातायात कार्यालयहरूले संयुक्त रूपमा जेठ मसान्तसम्म ३१ करोड २३ लाख ५१ हजार ८७० रुपैयाँ राजस्व संकलन गरेका हुन् ।

प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका अनुसार यातायात क्षेत्र प्रदेश सरकारका लागि राजस्व संकलनको महत्वपूर्ण स्रोतका रूपमा स्थापित हुँदै गएको छ । मन्त्रालयका प्रवक्ता रमेश सुवेदीका अनुसार जेठ महिनामा मात्रै तीनवटै कार्यालयबाट २ करोड ४७ लाख ४४ हजार ५०४ रुपैयाँ राजस्व संकलन भएको छ ।

राजस्व संकलनमा यातायात व्यवस्था कार्यालय सुर्खेत सबैभन्दा अगाडि रहेको छ । उक्त कार्यालयले ११ महिनाको अवधिमा २६ करोड ७० लाख १५ हजार ३४४ रुपैयाँ राजस्व संकलन गरेको छ, जुन कुल राजस्वको ८० प्रतिशतभन्दा बढी हो ।

यस्तै, यातायात व्यवस्था सेवा कार्यालय चौरजहारी ले ३ करोड ५ लाख ६३ हजार ३२१ रुपैयाँ राजस्व संकलन गरेको छ भने यातायात व्यवस्था सेवा कार्यालय जुम्ला ले १ करोड ४७ लाख ७३ हजार २०५ रुपैयाँ राजस्व संकलन गरेको मन्त्रालयले जनाएको छ ।



प्रदेश राजधानी रहेको सुर्खेतमा सवारी साधनको संख्या, दर्ता प्रक्रिया, नवीकरण तथा अन्य प्रशासनिक सेवा बढी हुने भएकाले राजस्व संकलनमा यसको हिस्सा उल्लेख्य देखिएको हो ।

सवारी कर नै प्रमुख आम्दानीको स्रोत

कर्णाली प्रदेशमा यातायात क्षेत्रबाट उठ्ने राजस्वमध्ये सवारी साधन कर सबैभन्दा ठूलो स्रोत बनेको छ । मन्त्रालयका अनुसार कुल राजस्वको झण्डै ८० प्रतिशत हिस्सा सवारी करबाट मात्रै संकलन भएको छ ।

जेठ मसान्तसम्म २४ करोड ९७ लाख रुपैयाँभन्दा बढी सवारी साधन कर उठेको छ । यसमध्ये सुर्खेत कार्यालयले मात्रै २१ करोड ५६ लाख ९३ हजार रुपैयाँ, चौरजहारीले २ करोड ६६ लाख ५१ हजार रुपैयाँ तथा जुम्लाले ७३ लाख ६५ हजार रुपैयाँ सवारी कर संकलन गरेका छन् ।

प्रदेश सरकारको आन्तरिक आम्दानीमा सवारी करले महत्वपूर्ण योगदान पुऱ्याइरहेको मन्त्रालयको भनाइ छ ।

दर्ता, लाइसेन्स र दस्तुरबाट पाँच करोडभन्दा बढी

राजस्व संकलनमा दोस्रो ठूलो योगदान पत्र, सवारी दर्ता, किताब तथा सम्बन्धित दस्तुर शीर्षकको रहेको छ । यस शीर्षकमा ११ महिनाको अवधिमा ५ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ ।

यसअन्तर्गत सुर्खेतले ४ करोड २८ लाख ८१ हजार रुपैयाँ, चौरजहारीले ५५ लाख ९० हजार रुपैयाँ तथा जुम्लाले ३८ लाख ७८ हजार रुपैयाँ राजस्व उठाएका छन् ।

सवारी दर्ता, नामसारी, नवीकरण, सवारी किताब तथा अन्य प्रशासनिक प्रक्रियाबाट प्राप्त हुने दस्तुर प्रदेश सरकारको स्थिर आम्दानीको अर्को महत्वपूर्ण आधार बनेको देखिन्छ ।

रुट परमिट र पटके आम्दानीमा असमानता

यातायात क्षेत्रको आम्दानी अन्तर्गत पर्ने पटके तथा रुट परमिट शीर्षकमा भने करिब एक करोड रुपैयाँ बराबर राजस्व संकलन भएको छ । यस शीर्षकमा सुर्खेत कार्यालयले ८० लाख ८३ हजार रुपैयाँ राजस्व उठाएको छ भने जुम्लाले १८ लाख १६ हजार रुपैयाँ संकलन गरेको छ ।

तर चौरजहारी कार्यालयले यस शीर्षकमा एक रुपैयाँ पनि राजस्व संकलन गर्न नसकेको तथ्यांकले देखाएको छ । यातायात व्यवसाय तथा रुट व्यवस्थापनको अवस्था जिल्लाअनुसार फरक भएकाले यस्तो अन्तर देखिएको मन्त्रालयको भनाइ छ ।

जरिवाना र प्रशासनिक दण्डबाट न्यून आम्दानी

प्रशासनिक दण्ड, जरिवाना तथा जफत शीर्षकमा भने हालसम्म ३ लाख ९१ हजार रुपैयाँ मात्र राजस्व संकलन भएको छ । यो रकम अन्य शीर्षकको तुलनामा निकै न्यून रहेको देखिन्छ ।

यातायात नियम उल्लंघनका घटनामा कमी आउनु सकारात्मक पक्ष भए पनि जरिवाना संकलनको अवस्था प्रशासनिक कार्यान्वयनसँग पनि जोडिएको सरोकारवालाहरू बताउँछन् ।

गत वर्षको तुलनामा वृद्धि हुने अनुमान

गत आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्म कर्णालीका यातायात कार्यालयहरूले ३१ करोड ३६ लाख रुपैयाँ राजस्व संकलन गरेका थिए । चालु आर्थिक वर्षको ११ महिनामै ३१ करोड २३ लाख रुपैयाँभन्दा बढी उठिसकेको अवस्थामा असार महिनाको राजस्व जोडिँदा गत वर्षको भन्दा बढी संकलन हुने अनुमान गरिएको छ ।

प्रदेश सरकारका लागि आन्तरिक राजस्व वृद्धि महत्वपूर्ण चुनौतीका रूपमा रहेको अवस्थामा यातायात क्षेत्रले निरन्तर सकारात्मक योगदान दिइरहेको मन्त्रालयले जनाएको छ । सवारी साधनको संख्या बढ्दै जानु, सेवा प्रवाह विस्तार हुनु तथा कर प्रशासनमा सुधार आउनुले आगामी वर्षहरूमा पनि यातायात क्षेत्र प्रदेश सरकारको प्रमुख राजस्व स्रोतका रूपमा रहने अपेक्षा गरिएको छ ।

रास्वपाको बन्दसत्र आज १२ बजेपछि मात्रै



❐ काँक्रेविहार संवाददाता
चितवन, ८ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बन्दसत्र आज (मंगलबार) मात्रै हुने भएको छ ।

हिजो (सोमबार) साँझ चितवन उद्योग संघको हलमा गरिएको पत्रकार सम्मेलनमा रास्वपा प्रवक्ता मनिष झाले बन्दसत्र सोमबार १२ बजेपछि सुरु हुने जानकारी दिएका हुन् ।

'प्रतिनिधिको रुजु र कार्ड प्रिन्टमा समस्या हुँदा सोमवार बन्दसत्र हुन सकेन, आज बन्दसत्र हुन्छ,' उनले भने, 'मध्याह्न १२ बजेपछि मात्र सुरु हुन्छ । व्यवस्थापकीय कमजोरी भयो ।'

महाधिवेशन प्रतिनिधिलाई एक दिन थप हुने कुराको आर्थिक भार व्यवस्थापनबारे पनि सोचिएको झाको भनाइ छ ।

रास्वपाले असार ७-९ सम्मका लागि महाधिवेशनको मिति तय गरेको थियो । बन्द सत्रको कार्यक्रम पर सरेपछि महाधिवेशनको अवधि पनि थप गरिएको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

उद्योग वाणिज्य महासंघमा को-को भए मनोनीत ?

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ असार

नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) ले सल्लाहकारसहित परिषद्हरू र विभिन्न समितिका सभापतिहरू मनोनीत गरेको छ । सोमबार बसेको दोस्रो कार्यकारिणी समितिको बैठकले महासंघका पूर्व अध्यक्ष महेशलाल प्रधानलाई सल्लाहकार समितिको सभापतिमा र पूर्व अध्यक्ष कुशकुमार जोशीलाई विज्ञता परिषद्को सभापतीमा मनोनित गरेको हो ।

यस्तै उद्योग वाणिज्य परिषद् सभापतिमा महासंघका जिल्लानगर क्षेत्रका उपाध्यक्ष कृष्णप्रसाद शर्मा र सहसभापतिमा जिल्लानगर क्षेत्रकै उपाध्यक्ष दिलसुन्दर श्रेष्ठ मनोनीत भएका छन् । यसैगरी वस्तुगत परिषद् सभापतिमा वस्तुगत संघ समूहका उपाध्यक्ष नरेशलाल श्रेष्ठ, रोजगारदाता परिषद् सभापतिमा एशोसिएट सदस्य समूहका उपाध्यक्ष प्रबलजंग पाण्डे मनोनीत भएका छन् । कृषि उद्यम केन्द्रको सभापतिमा शिवप्रसाद घिमिरे, कर तथा राजस्व समिति सभापतिमा अरनिको राजभण्डारी, उद्योग समिति सभापतिमा उज्ज्वल श्रेष्ठ, व्यापार समिति सभापतिमा नवीन रिजाल र महिला उद्यमी विकास समिति सभापतिमा सुनिता नेमाफुकी मनोनीत भएका छन् । सूचना तथा सञ्चार प्रविधि विकास समितिको सभापतिमा सुनैना घिमिरे, स्थल यातायात तथा पारबहन समिति सभापतिमा लिलेन्द्रप्रसाद प्रधान, पर्यटन तथा हवाई यातायात समिति सभापतिमा संघर्ष बिष्ट, बैंक, वित्तीय तथा बीमा समिति सभापतिमा हेमन्त गोल्छा, निर्यात समिति सभापतिमा होम प्रसाद घिमिरे र व्यापार मेला समितिको सभापतिमा सविन श्रेष्ठ मनोनीत भएका छन् । सहरी विकास समितिको सभापतिमा बिदुर धमला, स्वास्थ्य विज्ञान समिति सभापतिमा विप्लव अधिकारी, सीप विकास तथा रोजगार समितिको सभापतिमा नानीराज घिमिरे, स्टार्टअप एन्ड इनोभेशन समिति सभापतिमा सहारा जोशी, पूँजी बजार समिति सभापतिमा प्रियराज रेग्मी, सामाजिक सेवा समितिको सभापतिमा राजकुमार कार्की र उत्पादकत्व तथा गुणस्तर समितिको सभापतिमा रविन पुरी मनोनीत भएको महासंघले जनाएको छ । महासंघ अध्यक्ष अन्जन श्रेष्ठले महासंघको विधानको दफा ३७ बमोजिम कार्यकारिणी समिति सदस्यहरूलाई विभिन्न समितिहरूको सभापति मनोनयन गरेका हुन् अध्यक्ष श्रेष्ठले मनोनीत सभापतिहरूबाट महासंघको छवि तथा प्रतिष्ठालाई अझै बढी सशक्तरूपमा अघि बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको बताए ।



सम्पत्ति शुद्धीकरण मुद्दामा एमाले उपाध्यक्ष विष्णु पौडेल पक्राउ

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ७ असार

नेकपा (एमाले) का उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णु पौडेल पक्राउ परेका छन् । उनलाई सोमबार अपराह्न सुर्खेतबाट पक्राउ गरिएको जनाइएको छ ।

एमालेको चुनावी समीक्षा तथा पुनर्गठन कार्यदलका सदस्यसमेत रहेका पौडेल सुझाव संकलन कार्यक्रमका क्रममा सुर्खेत पुगेका थिए । कार्यदलले यसअघि कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा सुझाव संकलन तथा कार्यकर्ता भेलाहरू सम्पन्न गरेको थियो । सोही अभियानअन्तर्गत उनी कार्यदलको टोलीसँगै कर्णाली प्रदेश पुगेका थिए ।



प्राप्त जानकारीअनुसार सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको अनुसन्धानका लागि पौडेललाई नियन्त्रणमा लिइएको हो ।

पक्राउअघि काठमाडौंको भैंसेपाटीस्थित उनको निवासमा समेत सम्पत्ति शुद्धीकरण विभागको टोलीले छानबिन तथा खानतलासी गरेको बताइएको छ ।

प्रहरी स्रोतका अनुसार पक्राउपछि उनलाई सोमबार नै सुर्खेतबाट सडकमार्ग हुँदै नेपालगञ्ज लगिएको छ । थप अनुसन्धानका लागि आज नेपालगञ्जबाट काठमाडौं लिने तयारी भइरहेको जनाइएको छ ।

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

मंगलवार, ९ असार, २०८३
Tuesday, 23 June 2026

सम्पादकीय

स्वास्थ्य पहुँचबाट टाढा समुदायमा आशाको किरण

सुर्खेतको वीरेन्द्रनगर-११ अन्तर्गत भुप्राखोला र धुलियाबिटस्थित बादी बस्तीमा हालै सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरले नेपालको स्वास्थ्य सेवामा अझै विद्यमान असमानताको यथार्थ चित्र प्रस्तुत गरेको छ । दुई दिनसम्म सञ्चालन भएको शिविरबाट ३५० भन्दा बढी नागरिक लाभान्वित हुनु केवल एउटा तथ्यांक होइन, बरू राज्यको आधारभूत स्वास्थ्य सेवा अझै पनि समाजका सबै तहसम्म प्रभावकारी रूपमा पुग्न नसकेको संकेत हो । स्वास्थ्य सेवा प्रत्येक नागरिकको मौलिक अधिकार हो । तर आर्थिक अभाव, सामाजिक विभेद, भौगोलिक कठिनाइ तथा चेतनाको कमीका कारण देशका धेरै सीमान्तकृत समुदाय अझै पनि गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित छन् । बादी समुदाय त्यसमध्येको एक हो । अस्पताल र स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने, नियमित परीक्षण गराउन नसक्ने तथा सामान्य रोगलाई समेत बेवास्ता गर्न बाध्य हुने अवस्था अझै विद्यमान छ ।

यही सन्दर्भमा होसन्ना सेवकाई नेपालद्वारा आयोजित स्वास्थ्य शिविरले समुदायमा ठूलो राहत प्रदान गरेको छ । शिविरमा स्त्रीरोग, हाडजोर्नी, छाला रोग, रक्तचाप परीक्षण, स्वास्थ्य परामर्श तथा निःशुल्क औषधि वितरणजस्ता सेवाले नागरिकको प्रत्यक्ष आवश्यकता सम्बोधन गरेको छ । विशेषगरी महिलामा देखिएका पाठेघरसम्बन्धी समस्याको पहिचान हुनु र शल्यक्रिया आवश्यक पर्ने बिरामीहरूको खोजी हुनु यस शिविरको महत्वपूर्ण उपलब्धि हो । यसले अर्को गम्भीर प्रश्न पनि उठाएको छ—यदि एउटा छोटो अवधिको शिविरमा यति धेरै स्वास्थ्य समस्या भेटिन्छन् भने नियमित स्वास्थ्य सेवाको पहुँच कति कमजोर छ ? कम उमेरका महिलामा पाठेघरसम्बन्धी समस्या देखिनु, ज्येष्ठ नागरिकहरू दीर्घरोगसँग संघर्ष गरिरहनु र धेरैले पहिलोपटक विस्तृत स्वास्थ्य परीक्षण गराउनु स्वास्थ्य प्रणालीका लागि चिन्ताको विषय हो ।

स्वास्थ्य शिविरले तत्काल उपचार र परामर्श दिन सक्छ, तर दीर्घकालीन समाधान होइन । यस्ता कार्यक्रमलाई राज्यले आफ्नो नियमित स्वास्थ्य प्रणालीसँग जोड्न आवश्यक छ । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले सीमान्तकृत समुदायमा नियमित स्वास्थ्य सेवा, विशेषज्ञ चिकित्सकको पहुँच तथा स्वास्थ्य सचेतना कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्छ । बादी समुदायमा सञ्चालन गरिएको यो शिविरले स्वास्थ्य सेवा केवल उपचारको विषय मात्र नभई सामाजिक न्याय र समान अवसरसँग पनि जोडिएको विषय भएको स्पष्ट पारेको छ । यस्ता अभियानलाई निरन्तरता दिन सकिए स्वास्थ्य असमानता घटाउन, रोगको प्रारम्भिक पहिचान गर्न र नागरिकको जीवनस्तर सुधार्न महत्वपूर्ण योगदान पुग्नेछ । अब आवश्यक कुरा भनेको यस्ता शिविरलाई एकदिने कार्यक्रमको रूपमा सीमित नराखी स्थायी स्वास्थ्य पहुँच सुनिश्चित गर्ने दीर्घकालीन नीति र प्रतिबद्धता हो ।

रास्वपा महाधिवेशनको उद्घाटन सत्रबाट रवि र बालेनले दिएका सन्देश



✍ सुदर्शन आचार्य

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आइतबार चितवनमा प्रथम राष्ट्रिय महाधिवेशनको उद्घाटनसत्र मार्फत नेपाली नागरिक, आफ्ना कार्यकर्ता र अन्य दलहरूलाई केही सन्देश प्रस्ट रूपमा दिएको छ ।

पार्टीभित्र कुनै रूपमा विभाजनको बिजारोपण भइरहेको छ कि ? रवि र बालेनबिच सत्ता स्वार्थ बढेर पार्टी विभाजन हुने हो कि ? राज्यसत्तामा अनुभव नभएको र पार्टीको संगठनसमेत जरा तहमा मजबुत नभएका कारण झन्डै दुई तिहाइ बहुमतको भार रास्वपाले थेग्न नसक्ने पो हो कि भन्नेजस्ता आशङ्का पछिल्लो दिनमा उजागर भइरहेको थियो ।

पार्टीमा विवाद नभएको सन्देश दिने रवि–बालेनको प्रयास

गत फागुनमा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा झन्डै दुई तिहाइ बहुमत पाएर सङ्घीय सरकारको नेतृत्व गरिरहेका कारण पनि रास्वपालाई यतिबेला देश-विदेशबाट निकै चासोका साथ हेरिएको छ ।

प्रतिनिधि सभा निर्वाचनमा रास्वपाले हासिल गरेको सफलता लोभलाग्दो नै थियो । दशकौँ लामो इतिहास बोकेका दलहरूलाई पाखा लगाउँदै रास्वपाले स्थापनाको चार वर्ष नपुग्दै झन्डै दुई तिहाइ बहुमतसहित एकल सरकार गठन गर्नु सामान्य उपलब्धि होइन । एकथरिले प्रतिनिधि सभा निर्वाचनको परिणाम घोषणा भएदेखि नै रास्वपाले कसरी यतिका सिट जित्न सफल भयो भन्नेबारे लख काट्ने, आफ्नो विवेक अनुसारका व्याख्या-विवेचना गरेर आफूलाई विश्लेषकको परिचय दिलाउने प्रयास गरिरहेका छन् । अर्काथरि भने निर्वाचनमार्फत बेलुनझैँ फुलेको रास्वपा कहिले फुट्ला र आफूहरूकै साइजमा आइपुग्ला भनेर प्रतीक्षा गरेझैँ देखिन्छन् ।

यसक्रममा कहिलेकाहीँ सरकार र रास्वपाप्रति आरोपको प्रहार नभएका पनि होइनन् ।

हुन पनि प्रतिनिधि सभा चुनाव अघि रास्वपाले झन्डै दुई तिहाइ बहुमत पाउँछ भन्दा धेरैका लागि त्यो हाँसो-खिल्लीको विषय बन्थ्यो । कतिपयले रास्वपा मुस्किलले ४०-५० सिटसहित सरकार गठनका लागि एउटा निर्णायक राजनीतिक शक्ति बन्न सक्ने आकलन गरेका थिए । नेपाली काग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, विभिन्न मधेसवादी दल हुँदाहुँदै रास्वपाले झन्डै दुई तिहाइ मत पाएर एकल बहुमतको सरकार बनाउँछ भन्नेबारे धेरैले कल्पनासमेत गर्न सकेका थिएनन् ।

आखिर पुराना र तत्कालीन अवस्थामा ठुला रहेका दलका नेता, उनीहरू निकटका विश्लेषकलाई चकित पार्दै जनताले रास्वपालाई प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित गरे । पूर्वघोषणा अनुसार नै रास्वपाले वरिष्ठ नेता वालेन्द्र (बालेन) शाहको नेतृत्वमा सरकार गठन गऱ्यो ।

यसबिचमा सरकारले गरेका काम-कारबाहीलाई लिएर विरोधका आवाज पनि सुनिए । कहिले प्रधानमन्त्री बालेन नबोलेको विषयमा विवाद भयो, कहिले उनी बोलेको विषयमा विवाद भयो । कहिले उनी संसद् बैठकमा नआएको विषयमा विवाद निकालियो भने कहिले उनी बैठक छाडेर हिँडेको विषयमा विवाद भयो ।

यिनै परिस्थितिका बिच रास्वपा प्रथम महाधिवेशनमा होमिएको छ। महाधिवेशनको तयारी हुँदैगर्दा पनि यो पार्टीको आन्तरिक लोकतान्त्रिक अभ्यासप्रति धेरैको चासो रह्यो । जिल्ला अधिवेशन, प्रदेश अधिवेशनमा सभापति रवि लामिछाने पक्ष हावी भयो कि बालेन पक्ष भन्नेबारे समेत चासो रहेको पाइयो ।

शीर्ष नेताले दिएका सन्देश

जङ्गलमा अनेक रुख हुन्छन्, तर जुन रुख विशाल छ, मानिसको आँखा ती असर्‌त्य अन्य रुखलाई छाडेर त्यही विशाल रुखतिर गइछन् । त्यसैले छोटो समयमा चमत्कारकै रूपमा सफलता पाएर देशकै ठुलो दल बनेको रास्वपामा सबैको आँखा पर्नु, धेरैले चासो राख्नु स्वाभाविक हो ।

रास्वपाले हासिल गर्ने सिटका बारेमा जसरी निर्वाचन अघि चर्चा हुन्थ्यो, उसको प्रथम महाधिवेशनको पूर्वसन्ध्यामा यसको नेतृत्व, विचार, सिद्धान्तबारे टिप्पणी हुनु, चासो बढ्नु अस्वाभाविक थिएन । किनकि अहिले त रास्वपा देशकै ठुलो पार्टीमात्र होइन, उसकै नेतृत्वमा एकल सरकार छ । यस पार्टीका दुई प्रमुख नेता अर्थात् सभापति रवि लामिछाने पार्टी सत्ताको नेतृत्व गर्दै, वरिष्ठ नेता बालेन शाह राज्य सत्ताको नेतृत्व गर्दै महाधिवेशनमा पुगेका छन् । स्वाभाविक रूपमा महाधिवेशनले नयाँ नेतृत्व चयनका साथै पार्टीको विचार, सिद्धान्तमाथि छलफल गरेर पार्टीलाई मार्गनिर्देश गर्नेछ । महाधिवेशनमा कतै रवि लामिछाने र बालेन शाहको गुटबिच प्रतिस्पर्धा हुने हो कि, पार्टीमा को बलियो हुने भन्नेमा होडबाजी चल्ने हो कि भन्ने आशङ्का नउब्जिएको पनि हैन ।

किनकि, पुराना भनिएका राजनीतिक दलका महाधिवेशनमा गुट-गुटबिच प्रतिस्पर्धा हेरेर हुर्किएको पुस्ताले महाधिवेशनप्रति त्योभन्दा बढी अपेक्षा नगर्नु अनौठो होइन । यद्यपि, पुराना दलहरूको बेथिति, राज्य सत्ता सञ्चालनका क्रममा उनीहरूले गरेका भ्रष्टाचार, अनियमितताविरुद्ध आवाज उठाउँदै आएको रास्वपाले महाधिवेशनका क्रममा हुने गुटगत प्रतिस्पर्धालाई खारेज गरिदिएको छ ।

रास्वपाका सभापति रवि लामिछाने र प्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता बालेन शाहले गुटगत प्रतिस्पर्धालाई निरुत्साहितमात्र गरेनन्, महाधिवेशन उद्घाटनसत्रलाई सम्बोधनका क्रममा त्यस्ता गतिविधिविरुद्ध नेता-कार्यकर्तालाई खबरदार ासिमेत गरे ।

दुवै नेताले पार्टी सत्ता र राज्य सत्ताबारे उठेका आशङ्का पनि मेटाइदिएका छन् । प्रधानमन्त्री तथा पार्टीका वरिष्ठ नेता बालेन शाहले महाधिवेशनको अवधिभर पार्टीका बारेमा सोच्न र त्यसपछि देशका बारेमा सोच्न नेता-कार्यकर्तालाई आह्वान गर्दै सन्देश दिएका छन्– हमेसा आफूलाई केन्द्रमा राखेर राजनीति गर्ने होइन, निश्चित समय पार्टीका लागि सोचेर अधिकांश समय देशका लागि सोचौं ।

त्यस्तै सभापति रवि लामिछानेले पार्टीभित्र लडाउने, ढलाउने, फाटो ल्याउने प्रयास निकै हुनेछ भन्दै त्यस्ता गतिविधिप्रति आफू सचेत रहेको सन्देश दिए । उनले भने, 'हामीले नेपाली जनता र इतिहासलाई साक्षी राखेर गरेको सहमतिको एक-एक अक्षर इमानदारीपूर्वक पालना गर्ने प्रण गर्न चाहन्छु ।'

उनको आशय बालेन शाह प्रधानमन्त्रीका रूपमा रहिरहने र आफू पार्टी सत्ताको नेतृत्व गर्ने सन्दर्भमा केन्द्रित थियो ।

केही साताअघि रविले भारत भ्रमणका क्रममा पाएको स्वागत-सत्कार, प्रधानमन्त्री बालेन शाहको कार्यशैली लगायतलाई केन्द्रमा राखेर कतिपयले कतै रवि नै अब प्रधानमन्त्री त हुने होइनन् भन्ने आशङ्का पनि नगरेका होइनन् । यद्यपि रविले महाधिवेशन उद्घाटन सत्रमै त्यस्ता आशङ्कालाई आफ्ना अभिव्यक्तिमार्फत मेटाइदिएका छन् । रास्वपाले चुनाव अगाडि नै पार्टीका वरिष्ठ नेता बालेन शाहको खुट्टामा बल पुऱ्याइसकेको चर्चा गर्दै उनले 'अब भटाभट गोल हान्ने जिम्मा प्रधानमन्त्री बालेन शाहको हुनेछ' भने । यतिमात्र होइन, झुक्किएर त्यो बल कहीं आफूतिर आएछ भने पनि त्यही खुट्टा (बालेनको खुट्टा)मा पास गर्ने जिम्मा आफ्नो भन्दै उनले बालेनलाई ढाडससमेत दिए । 'किनकि यहाँ मुख मिठ्याउनेहरू धेरै छन्,' रविले भने, 'म तिनलाई जबाफ दिन बोलिरहेको छैन, म त इतिहासलाई जबाफ दिन बोलिरहेको छु ।'

२०४६ सालको जनआन्दोलन सफल भएपछि अन्तरिम सरकारको नेतृत्व गर्न आफूलाई आएको प्रस्ताव सर्वोच्च नेता गणेशमान सिंहले अस्वीकार गर्दै कृष्णप्रसाद भट्टराईलाई अघि बढाएका थिए । सोही शैलीमा यतिबेला रविले बालेनलाई निर्धक्कसँग काम गर्ने वातावरणको सुनिश्चितता बनाइदिएका मात्र होइनन्, चुनाव अघि नै आफूले 'भावी प्रधानमन्त्री' भनेर जनाएको प्रतिबद्धताप्रति इमानदार रहने प्रण पनि दोहोऱ्याएका छन् ।

चौथो राष्ट्रिय मिडिया सम्मेलनद्वारा 'बुटवल घोषणापत्र-२०८३' जारी, विभेदकारी विज्ञापन नीति खारेज गर्न माग

❐ **काँक्रेविहार संवाददाता**

बुटवल, ८ असार

चौथो राष्ट्रिय मिडिया सम्मेलनले सरकारको विभेदकारी विज्ञापन नीति तत्काल खारेज गरी समानुपातिक तथा वैज्ञानिक विज्ञापन वितरण प्रणाली लागू गर्न माग गर्दै 'बुटवल घोषणापत्र-२०८३' जारी गरेको छ ।

प्रकाशन तथा प्रसारण संघ लुम्बिनी र नेपाल मिडिया सोसाइटीको संयुक्त आयोजनामा असार ६ र ७ गते बुटवलमा सम्पन्न सम्मेलनले निजी सञ्चारमाध्यमहरू सरकारी विज्ञापनबाट वञ्चित हुँदा मिडिया उद्योग नै अस्तित्वको संकटमा परेको निष्कर्ष निकालेको छ ।

सम्मेलनपछि जारी घोषणापत्रमा सरकारले अवलम्बन गरेको वर्तमान विज्ञापन नीतिप्रति कडा आपत्ति जनाउँदै उक्त नीति तत्काल खारेज गर्न र विज्ञापन



वितरणलाई पारदर्शी, वैज्ञानिक तथा समानुपातिक बनाउन आग्रह गरिएको छ । साथै, नेपाल पत्रकार महासंघले सञ्चालन गरिरहेको आन्दोलनप्रति पूर्ण ऐक्यबद्धता व्यक्त गरिएको छ ।

घोषणापत्रमा सरकारी विज्ञापन वितरणमा देखिएको अनियमितताको छानबिनका लागि उच्चस्तरीय समिति गठन गर्न माग गरिएको छ । देशभरका सञ्चारगृहलाई व्यावसायिक रूपमा सुदृढ बनाउन 'साझा विज्ञापन बिक्री संयन्त्र' स्थापना प्रक्रिया तत्काल अघि बढाउन पनि सम्मेलनले जोड दिएको छ ।

मिडियाको पारदर्शिता र विश्वसनीयता अभिवृद्धिका लागि तीन महिनाभित्र पाठक तथा दर्शक तथ्याङ्क सार्वजनिक गर्ने तथा एक वर्षभित्र स्वतन्त्र पाठक सर्वेक्षण र परिसंचरण लेखापरीक्षण प्रणाली स्थापना गर्ने प्रतिबद्धता सम्मेलनले जनाएको छ । विज्ञापनमा मात्र निर्भर नरही सदस्यता, ब्रान्डेड कन्टेन्ट र साझा कार्यक्रममार्फत वैकल्पिक आम्दानीका स्रोत विकास गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको छ ।

मिडिया क्षेत्रमा देखिएको आर्थिक संकट समाधानका लागि संघीय, प्रदेश र स्थानीय सरकारलाई ठोस सबलीकरण कार्यक्रम सञ्चालन गर्न सम्मेलनले आह्वान गरेको छ । यसका लागि 'मिडिया अधिकार तथा दिगोपन पैरवी समिति' गठन गरी प्रभावित सञ्चारमाध्यम र रोजगारीसम्बन्धी तथ्याङ्क संकलन तथा नीति निर्माणमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

त्यसैगरी, तीनै तहका सरकारले प्रदान गर्ने विज्ञापन मापदण्डमा आधारित समानुपातिक प्रणालीमार्फत वितरण गर्नुपर्ने माग गरिएको छ । लोककल्याणकारी विज्ञापनको भुक्तानी रकम कटौती गरिएकामा गम्भीर चिन्ता व्यक्त गर्दै पूर्ववत् व्यवस्था कायम गर्न पनि सरकारसँग आग्रह गरिएको छ ।

सम्मेलनले गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व शान्ति तथा सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्न संघीय, प्रदेश र स्थानीय सरकारको संयुक्त पहल आवश्यक रहेको उल्लेख गर्दै त्यहाँ सञ्चार सङ्ग्रहालय र सञ्चारग्राम स्थापना गर्न माग गरेको छ ।

नेपाल मिडिया सोसाइटीका अध्यक्ष मदन लम्सालद्वारा हस्ताक्षरित घोषणापत्रमा सम्मेलन सफल बनाउन सहयोग गर्ने स्थानीय सरकार, निजी क्षेत्र तथा विभिन्न संघसंस्थाप्रति आभार व्यक्त गरिएको छ ।

अवैध धुपि कटान बढ्दो



❐ काँक्रेविहार संवाददाता
जुम्ला, ८ असार

जुम्लाको प्रसिद्ध पर्यटकीय गन्तव्य गिडीदहतर्फ जाने मार्गमा पर्ने फुलचौल्या पाटन क्षेत्रमा धुपीका रुखहरूको अवैध कटानी बढ्दै गएको पाइएको छ।

तातोपानी गाउँपालिका चार अन्तर्गत पर्ने यस क्षेत्रमा चोरी कटानीका साथै प्राकृतिक रूपमा रुख सुक्ने क्रमसमेत बढ्दा वन क्षेत्र संरक्षण चुनौतीपूर्ण बनेको छ।

स्थानीयका अनुसार फुलचौल्या पाटनका धुपी वनहरू पछिल्लो समय व्यापक रूपमा नष्ट भइरहेका छन्। तातोपानी गाउँपालिका चार का वडाध्यक्ष अमरबहादुर रोकायाले अधिकांश धुपीका रुखहरू जथाभावी काटिएको जानकारी दिए। उनका अनुसार वन संरक्षणका लागि पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराइए पनि समस्या पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन।

वन संरक्षणका लागि वडा कार्यालय र सामुदायिक वन उपभोक्ता समूहले संयुक्त रूपमा नियमित गस्ती तथा अनुगमन गर्दै आएका छन्।

अवैध रूपमा रुख काट्ने व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउने प्रयास पनि भइरहेको छ। वडाध्यक्ष रोकायाले अघिल्लो वर्षको तुलनामा यस वर्ष वन विनाश केही कम भए पनि चोरी कटानी पूर्ण रूपमा रोक्न दोषीमाथि कडा कानुनी कारबाही आवश्यक रहेको बताए।

पर्यावरणीय तथा पर्यटन प्रवर्द्धनका दृष्टिले महत्वपूर्ण मानिने फुलचौल्या पाटनको धुपी वन जोगाउन सम्बन्धित निकायले थप प्रभावकारी कदम चाल्नुपर्ने स्थानीयको माग छ।

उनीहरूले कडा निगरानी, नियमित अनुगमन र दीर्घकालीन संरक्षण योजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन्। यसैबीच, डिभिजन वन कार्यालय जुम्लाका प्रमुख भरत बुढ्थापाले फुलचौल्या पाटनसहित आसपासका क्षेत्रमा हुने अवैध कटानी नियन्त्रणका लागि वन कार्यालय, स्थानीय तह र सामुदायिक वन उपभोक्ता समूहबीच समन्वय सुदृढ बनाइएको जानकारी दिए।

मदनका नाममा एकै मञ्चमा जुट्दै कम्युनिस्ट नेताहरू

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ असार

पछिल्लो केही वर्षयता तिक्ततापूर्ण सम्बन्धबीच गुज्रिएका कम्युनिस्ट नेताहरू जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्ती मनाउने उद्देश्यसहित एकैठाउँ जुटने भएका छन्। एमालेनिकट २४ वटा जनसंगठनहरू आयोजनामा आगामी असार १४ गते काठमाडौंमा गरिने कार्यक्रममा कम्युनिस्ट नेताहरू जुट्न लागेका हुन्।

फागुन २१ को निर्वाचनले घर न घाटको हुने अवस्थामा पुगेका उनीहरू मदनको बहानामा एक ठाउँ आउने करिब निश्चित भएको छ।

एमाले अध्यक्ष ओलीमाथि नेतृत्व छाड्न दबाब बढिरहेका बेला सोमबार पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई बोलाएर एमालेका जनसंगठनहरूले असार १४ गते देशभर मदनको जन्मजयन्ती मनाउने निर्णय गरेका हुन्। जनसंगठन समन्वय संयन्त्रका संयोजक विशाल भट्टराईको अध्यक्षतामा सम्पन्न भेलामा नेताहरूले यस वर्षको जन्मजयन्तीलाई रचनात्मक, वैचारिक तथा संगठनात्मक अभियानका रूपमा अघि बढाउने बताए।

भेलामा मदन भण्डारी फाउन्डेसनका सचिव



भेषराज अधिकारीले यस वर्ष जन्मजयन्तीलाई विशेष राजनीतिक तथा वैचारिक कार्यक्रमका रूपमा मनाउने तयारी गरिएको बताए।

काठमाडौंस्थित राष्ट्रिय सभा गृहमा मुख्य कार्यक्रम आयोजना हुने उनले बताए। त्यहाँ नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारीको राजनीतिक योगदानबारे विस्तृत छलफल हुने कार्यक्रम तय गरिएको छ। कार्यक्रममा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, नेकपा (माओवादी केन्द्र) का संयोजक पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र झलनाथ खनाल तथा जनता समाजवादी पार्टीका नेता उपेन्द्र यादव लगायतलाई एकै ठाउँ उभ्याउने तयारी भएको छ।

ओलीले छाडेर यदि भण्डारीले एमालेको नेतृत्व सम्हालेमा आफूहरू मिल्न तयार रहेको अन्य कम्युनिस्ट नेताहरूले बताइरहेका छन्। यता मदन भण्डारी फाउन्डेसनले पनि असार १४ गते आयोजना गर्ने मुख्य कार्यक्रमलाई सबै जनसंगठनहरूले सहयोग गर्ने निर्णय गरेको छ।

यदि फाउन्डेसनको कार्यक्रममा यी सबै नेता उपस्थित भए भने विगतको तिक्तता भुलेर फेरि मिल्ने सम्भावना बढ्ने छ। आयोजकले यी सबै नेतालाई एकैठाउँ ल्याउने बताए पनि उनीहरू उपस्थित हुने कुराको पनि अझै पक्का भइसकेको छैन। अहिले ओली र नेपालबीच पानी बाराबारको अवस्था छ। प्रचण्ड र ओलीबीच पटक पटक संवाद भइसकेको छ। उता खनाल पनि मिल्नुपर्ने पक्षमा छन्।

महानिर्देशक अर्यालसहित १८ जनाविरुद्ध मुद्दा दायर

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ असार

राहदानी छपाइ ठेक्का प्रकरणमा १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल,सूचना प्रविधि निर्देशक सुनिल केसी, तुलसी आचार्यसहितलाई विपक्षी बनाइएको उक्त मुद्दामा कुल १० अर्ब १३ करोड ४ लाख ६१ हजार ४७७ रूपैयाँ बिगो दाबी रहेको विशेष अदालतकी सूचना अधिकारी पार्वती हितानीने जानकारी दिइन्।

उनका अनुसार अख्तियारले १० जना कर्मचारी, २ कम्पनी, ४ विदेशी नागरिक र २ जर्मन कम्पनीका नेपाली प्रतिनिधिलाई प्रतिवादी बनाएर मुद्दा पेश गरेको छ।

राहदानी छपाइमा भएको अनियमितताले लिएर तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवालाई पनि अख्तियारले बयानमा बोलाएको थियो। तर, मुद्दा अभियोजनमा उनलाई प्रतिवादी भने बनाइएको छैन।

शेयरबजारमा झिनो अंकको गिरावट

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ असार

शेयरबजार परिसूचक नेप्से आज सामान्य अंकले घटेको छ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) का अनुसार आज नेप्से सूचक १.४६ अंकले घट्दै २ हजार ७००.६५ बिन्दुमा झरेको हो।

तथापि, आज ४ अर्ब ४४ करोड ६५ लाख रुपैयाँ रुपैयाँ बराबरको ८१ लाख ३८ हजार कित्ता शेयर दोस्रो बजारमा कारोबार भएको नेप्सेले जनाएको छ।

आज फाइनान्स, माइक्रोफाइनान्स र ट्रेडिङ समूहको उपसूचक धनात्मक भएका छन् भने बाँकी १० वटा उपसूचक ऋणात्मक भएका छन्। ११६ कम्पनी शेयर मूल्य बढेको छ भने आज १४३ कम्पनीको मूल्य घटेको छ।

यसदिन टक्सार पिकुवा खोला हाइड्रोपावर कम्पनी र यम्बलिङ हाइड्रोपावर कम्पनीको शेयर मूल्य समान १५ प्रतिशतले बढेको छ।

जनहितमा जारी सूचना !

- पलाँता गाउँपालिकाभित्रका सम्पूर्ण नागरिकहरूमा जानकारी गराइन्छ कि गाउँपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाहका लागि गाउँपालिका निरन्तर रूपमा क्रियाशील रहेको छ।
- गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरूमा स्थानीय नागरिकको सक्रिय सहभागिता, निगरानी र सहयोग आवश्यक रहेको हुँदा सबै सरोकारवालालाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ।
- वर्षायाम नजिकिँदै गएकाले बाढी, पहिरो तथा प्राकृतिक विपद्का सम्भावित जोखिमप्रति सचेत रहन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै पनि विपद् सम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गरिन्छ।
- साथै, सरसफाइ, वातावरण संरक्षण, खानेपानी स्रोतको संरक्षण, वन तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृति विरुद्ध सचेतना फैलाउन सबै नागरिकलाई आग्रह गरिन्छ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, कृषि तथा पशुपालन कार्यक्रम, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
- समृद्ध, सुरक्षित र सुशासित पलाँता निर्माणका लागि सम्पूर्ण नागरिकको सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दछौं।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालीकोट

जनहितमा जारी सूचना !

- छाँयानाथ रारा नगरपालिकाभित्रका सम्पूर्ण नागरिकहरूमा जानकारी गराइन्छ कि नगरपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाहका लागि गाउँपालिका निरन्तर रूपमा क्रियाशील रहेको छ।
- नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरूमा स्थानीय नागरिकको सक्रिय सहभागिता, निगरानी र सहयोग आवश्यक रहेको हुँदा सबै सरोकारवालालाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ।
- वर्षायाम नजिकिँदै गएकाले बाढी, पहिरो तथा प्राकृतिक विपद्का सम्भावित जोखिमप्रति सचेत रहन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै पनि विपद् सम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गरिन्छ।
- साथै, सरसफाइ, वातावरण संरक्षण, खानेपानी स्रोतको संरक्षण, वन तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृति विरुद्ध सचेतना फैलाउन सबै नागरिकलाई आग्रह गरिन्छ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, कृषि तथा पशुपालन कार्यक्रम, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
- समृद्ध, सुरक्षित र सुशासित छाँयानाथ रारा निर्माणका लागि सम्पूर्ण नागरिकको सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दछौं।

छाँयानाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुगु

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

मंगलवार, ९ असार, २०८३
Tuesday, 23 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

बजार नपाउँदा कागती कुहियो

❐ काँक्रेविहार संवाददाता

मुगु, ८ असार

छायाँनाथ रारा नगरपालिका-१३, श्रीपानीका कृषक अङ्गबहादुर रोकायाले उत्पादन गरेको कागती बजारसम्म पुग्न नसक्दा बोटमै कुहिन थालेको छ। वर्षौंदेखि व्यावसायिक कृषि गर्दै आएका रोकायाले उत्पादन राम्रो भए पनि बजारीकरण र यातायातको अभावका कारण ठूलो आर्थिक क्षति बेहोर्नुपरेको गुनासो गरेका छन्।



२०५७ सालदेखि कृषि पेसालाई मुख्य व्यवसाय बनाउँदै आएका रोकायाले पाँच रोपनी क्षेत्रफलमा कागती खेती गर्दै आउनुभएको छ। उनले अनुसार हरेक वर्ष ६० देखि ७० क्विन्टलसम्म कागती उत्पादन हुने गरेको छ। यस वर्ष भने करिब ५१ क्विन्टल कागती उत्पादन भएको भए पनि करिब २२ क्विन्टल कागती बिक्री हुन नसकी बोटमै कुहिएर नष्ट भएको छ।उनले उत्पादन राम्रो भएपछि घरखर्च व्यवस्थापन, छोराछोरीको पढाइ खर्च तथा ऋण तिर्न सहज हुने अपेक्षा गरेका थिए। तर सडक पहुँचको कमी र ढुवानी सुविधाको अभावका कारण उत्पादन बजारसम्म पुऱ्याउन नसक्दा अपेक्षित आम्दानी हुन नसकेको बताए।

उत्पादन गर्न निकै मेहनत लाग्छ, तर बजारसम्म पुऱ्याउन सकिँदैन उनले भने पिठ्युँमा बोकेर लैजाँदा ढुवानी खर्च नै धेरै पर्छ। बजार पुगे पनि उचित मूल्य पाइँदैन। उत्पादन आफ्नै आँखा अगाडि कुहिँदा दुःख लाग्छ। स्थानीय कृषक हर्कबहादुर रोकायाले मुगुका अधिकांश किसानले यस्तै समस्या भोग्दै आएको बताए। उनका अनुसार जिल्लामा फलफूल तथा तरकारी उत्पादन बढे पनि सङ्कलन केन्द्र, शीतभण्डार तथा व्यवस्थित बजारको अभावले किसानले मेहनतअनुसारको प्रतिफल पाउन सकेका छैनन्।

कृषकहरूले कृषि उत्पादनको बजारीकरण, ग्रामीण सडक विस्तार, ढुवानीमा अनुदान तथा शीतभण्डार निर्माणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग माग गरेका छन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ कार्यालय मुगुका निमित्त प्रमुख तेजविक्रम मल्लले किसानका लागि जिल्लाबाहिर उत्पादन ढुवानी गर्दा अनुदानको व्यवस्था रहेको जानकारी दिए। तर स्थानीय किसानहरूले अनुदान वितरणमा पारदर्शिता र पहुँचको समस्या रहेको गुनासो गरेका छन्।

स्थानीयवासीका अनुसार अङ्गबहादुर रोकायाको समस्या केवल एक किसानको मात्र नभई मुगु तथा कर्णालीका अधिकांश व्यावसायिक कृषकको साझा समस्या हो।

कृषि उत्पादन बढ्दै गए पनि बजार र पूर्वाधार विकासमा पर्याप्त ध्यान नदिइए किसानको उत्पादन खेर जाने अवस्था अझ गम्भीर बन्न सक्ने उनीहरूको भनाइ छ। बजार नपाउँदा कागती कुहियो।

राजनले जिते एक्सट्रिम म्याराथन

❐ काँक्रेविहार संवाददाता

वीरेन्द्रनगर, ८ असार

सुर्खेतमा आयोजित एक्सट्रिम तेम्रो हाफ म्याराथन प्रतियोगिताको उपाधि जुम्लाका राजन रोकायले जितेका छन्। कर्णाली प्रदेश खेलकुद विकास परिषद्को आर्थिक सहयोग तथा मिड वेस्टर्न फिटनेस सेन्टरको आयोजनामा सम्पन्न प्रतियोगितामा रोकायले २१ किलोमिटर दूरी एक घण्टा नौ मिनेट ३१ सेकेन्डमा पूरा गर्दै प्रथम स्थान हासिल गरेका हुन् उपाधिसँगै उनले नगद एक लाख ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन्। एक्सट्रिम इनर्जी ड्रिङ्कसको टाइटल स्पोन्सर रहेको प्रतियोगितामा कालीकोटका विनोद रोकाय दोस्रो तथा सशस्त्र प्रहरी बल (एपीएफ) का गोपिचन्द्र पार्की तेस्रो स्थानमा रहे।



महिलातर्फको १० किलोमिटर दौडमा धादिङकी सन्तोषी श्रेष्ठ विजेता बनिन्। उनले निर्धारित दूरी ३६ मिनेटमा पूरा गरिन्। जुम्लाकी पूर्णलक्ष्मी न्यौपाने दोस्रो र बाजुराकी सिर्जना पाण्डे तेस्रो स्थानमा रहिन्। यस्तै, महिलातर्फको पाँच किलोमिटर दौडमा सुर्खेतकी कृष्णा रानाले प्रथम स्थान हासिल गरिन्। उनले उक्त दूरी २० मिनेटमा पूरा गरेकी थिइन्। पुरुषतर्फको ५ किलोमिटर दौडमा कालीकोटका अनिल शाही विजेता बने। प्रतियोगिताका विजेता खेलाडीहरूलाई वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकालले ट्रफी, मेडल, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरिन् 'दौडिन्छ कर्णाली' भन्ने नारालाई सार्थक बनाउन कर्णाली प्रदेश खेलकुद विकास परिषद्को पहलमा मिड वेस्टर्न फिटनेस सेन्टरले विगत दुई वर्षदेखि प्रतियोगिताको व्यवस्थापन तथा सञ्चालन गर्दै आएको जनाएको छ। प्रतियोगिताले कर्णालीमा खेलकुद गतिविधिको विस्तार र धावकहरूको प्रोत्साहनमा महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकको विश्वास छ।

सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुर्‍याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो,
संरक्षण गर्नु हामी सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सूचना !

- सान्नीत्रिवेणी गाउँपालिकाभित्रका सम्पूर्ण नागरिकहरूमा जानकारी गराइन्छ कि गाउँपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाहका लागि गाउँपालिका निरन्तर रूपमा क्रियाशील रहेको छ।
- गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरूमा स्थानीय नागरिकको सक्रिय सहभागिता, निगरानी र सहयोग आवश्यक रहेको हुँदा सबै सरोकारवालालाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ।
- वर्षायाम नजिकिँदै गएकाले बाढी, पहिरो तथा प्राकृतिक विपद्का सम्भावित जोखिमप्रति सचेत रहन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै पनि विपद् सम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गरिन्छ।
- साथै, सरसफाइ, वातावरण संरक्षण, खानेपानी स्रोतको संरक्षण, वन तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृति विरुद्ध सचेतना फैलाउन सबै नागरिकलाई आग्रह गरिन्छ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, कृषि तथा पशुपालन कार्यक्रम, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
- समृद्ध, सुरक्षित र सुशासित सान्नीत्रिवेणी निर्माणका लागि सम्पूर्ण नागरिकको सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दछौं।

सान्नीत्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालीकोट



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)